"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazer, Kathmandu, Nepal
(Estd. 2022)

Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

मितिः २०८० पौष २९

श्री माननीय भानुभक्त जोशी,

सभापति,

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति,

प्रतिनिधि सभा, नेपाल ।

विषय : **"विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०८०"** मा संगठनको तर्फबट संशोधनको विषयहरु पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा, सरकारले प्रतिनिधि सभामा दर्ता गरेको **"विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०८०"** हाल विषयगत समिति अन्तर्गत यस समितिमा छलफलमा रहेकोमा आज मिति २०८० पौष २९ मा समितिको वैठकमा अनेरास्ववियु लगायत विद्यार्थी संगठनहरुलाई वैठकमा आमन्त्रण गरिएकोमा उक्त विधेयक माथि अनेरास्ववियुको तर्फबाट निम्न बमोजिम संशोधनको विषयहरु पेश गरिएको छ ।

हार्दिक अभिावदन सहित !

....................

समिक बडाल

अध्यक्ष

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazar, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

## विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक २०८० माथि अनेरास्ववियुको धारणा

वि.सं.२०७२ साल असोज ३ गते संविधान सभाबाट नेपालको संविधान जारी भएपछि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । एकातर्फ नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तह सम्मको अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभुत गरेको छ भने अर्कोतर्फ संविधानले राज्यको पुर्नसंरचना गरेसंगै स्थानीय तहलाई विद्यालय शिक्षा हेर्ने अधिकार समेत दिएकोमा संविधानको मर्म अनुरुप शिक्षा सम्बन्धि हक कार्यान्वयन गर्न विद्यमान शिक्षा ऐन, २०२८ लाई संशोधन गर्नु अपरिहार्य थियो । राष्ट्रिय रुपमा एकरुपता कायम गरी विद्यालयहरुको स्थापना र सञ्चालन, शिक्षक तथा कर्मचारी व्यवस्थापन, पाठ्यक्रम निर्माण लगायत विभिन्न विषयहरु समावेश गरी सरकारले विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक २०८० संसदमा पेश गरेको छ ।

प्रथमतः यस विधेयकको मस्यौदा गर्दा सरोकारवालाहरुसंग पर्याप्त छलफल गरिएको छैन । अनेरास्ववियु नेपाली विद्यार्थी आन्दोलनको नेता संगठन भएको हुनाले शिक्षा क्षेत्रको महत्वपुर्ण सरोकारवालाको रुपमा संगठनको निश्चित धारणा रहेको छ । यस विधेयकका विभिन्न दफाहरुमा व्यापक छलफल गरी संशोधन गर्न आवश्यक रहेको हुनाले अनेरास्ववियुले दुई पटक विभिन्न विज्ञ र विद्यार्थीहरुको बिचमा छलफल आयोजना गरी निश्कर्षको रुपमा संशोधन गर्नुपर्ने विषयहरु तपसिल बमोजिम पेश गर्न चाहन्छौं ।

### १. विधेयकमा गर्नु पर्ने संशोधन

| दफा | विधेयकमा व्यवस्था | संशोधन गर्नुपर्ने विषय | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| प्रस्तावनामा | विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभुत विषयमा समता , एकरुपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र संचालन सम्वन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्वन्धित प्रचलित कानूनलाई संसोधन र एकिकरण | "विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभुत विषयमा समता , एकरुपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र संचालन सम्वन्धी विषयलाई व्यवस्थित गर्न र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राज्य व्यवस्थालाई साकार पार्न सोही अनुरुप उपलब्ध प्राकृतिक स्रोतहरुको उच्चतम उपयोग गर्दै राष्ट्रिय | विद्यालयको स्थापना र संचालन सम्वन्धी व्यवस्था संगै कस्तो पाठ्यक्रम निर्माण गर्ने भन्ने सैद्धान्तिक विषय प्रस्तावनामा समावेश गर्न संशोधन प्रस्ताव गरिएको । |

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरू एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazer, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

| | | | |
|---|---|---|---|
| | गर्न बाञ्छनीय भएकाले संघिय संसदले यो ऐन बनाएको छ । | आवश्यकता पुरा गर्न सक्ने र अन्तराष्ट्रय बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने प्रकृतिको पाठ्यक्रम निर्माण गर्न विद्यालय शिक्षासँग सम्वन्धित प्रचलित कानूनलाई संसोधन र एकिकरण गर्न बाञ्छनीय भएकाले संघिय संसदले यो ऐन बनाएको छ । | |
| ४ | ४. निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन:<br>(१) यो ऐन प्रारम्भ भए पश्चात निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्नु पर्नेछ ।<br><br>(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी काननून बमोजिम स्थापना भई सञ्चालनमा भएको संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएपछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ । | ४. निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन:<br>शिक्षामा निजी लगानी बन्द गर्न **उपदफा(१) हटाउने ।**<br><br>हाल स्थापना भएका कम्पनी ऐन अन्तर्गत दर्ता भएका निजी शिक्षण संस्थाहरुलाई निश्चित अवधि तोकेर ( ५ देखि ७ बर्ष)अनिवार्य रुपमा सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुनु पर्ने बाध्यात्मक प्रावधान राख्नु पर्ने । | विद्यालय शिक्षामा सरकारी लगानी र परोपकारी सामाजिक संघ संस्थाहरुको लगानी बाहेक निजी लगानी बन्द गर्न **उपदफा(१) हटाउन संशोधन प्रस्ताव गरिएको ।**<br><br>यो विधेयक पारित भई कानुन बनेपछिका हकमा शैक्षिक गुठी अर्न्तात "स्थापना र सञ्चालन हुने भनिएको" र हाल कम्पनी ऐन अन्तर्गत दर्ता भई सञ्चालन भएकालाई "शैक्षिक गुठीमा रुपान्तरण गर्न सकिने" भन्ने व्यवस्थाले हाल सञ्चालनमा भएका निजी विद्यालयहरुलाई शैक्षिक गुठीमा जाने कुनै बाधयात्मक व्यवस्था नहुनुले शिक्षामा भएको निजीकरणलाई प्रोत्साहान गरेको छ । |
| ८ | शिक्षण भाषाको माध्यम<br>(क) मुल विषय मध्ये गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी भाषामा अध्यापन गराउनु पर्ने । | शिक्षण भाषाको माध्यम<br>(क) मुल विषय मध्ये गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी वा नेपाली भाषामा अध्यापन गराउनु पर्ने । | गणित, विज्ञान र कम्युटर विषयलाई अंग्रेजीमै मात्र पढाउनु पर्ने व्यवस्था उपयुक्त हुदैन । तसर्थ नेपालीमा पढ्न चाहनेलाई बन्देज लगाउन मिल्दैन । |

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazar, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

| | | | |
|---|---|---|---|
| | (ख) कुनै विदेशीले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा निजले चाहेमा पाठ्यक्रममा निर्धारित भाषा मध्ये कुनै एक भाषागत विषय अध्ययन गर्न सक्ने । | (ख) यो प्रावधान हटाउने | (ख) विद्यालय शिक्षा लिने विदेशीहरुलाई नेपाली भाषाको अध्ययन अनिवार्य गराउनु पर्ने भएकोले यो व्यवस्था खारेज गर्नु पर्दछ । |
| १५ | शुल्क<br>(१) सार्वजनिक विद्यालयले विद्यार्थीसंग शुल्क लिन पाउने छैन ।<br>(२) निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डका अधिनमा रही स्थानीय तहले तोकेको शिर्षक र सीमा भित्र रही शुल्क लिन सक्नेछन । | शुल्क<br>(१) सार्वजनिक विद्यालयले विद्यार्थीसंग शुल्क लिन पाउने छैन ।<br>(२) निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डका अधिनमा रही स्थानीय तहले तोकेको शिर्षक र सीमा भित्र रही शुल्क लिन सक्नेछन । शुल्क निर्धारण र वृद्धि गर्दा अनिवार्य स्थानीय तहको स्वीकृति लिनु पर्नेछ । | शुल्क निर्धारण र वृद्धि गर्दा आफु खुसी निर्णय गर्नबाट रोक्न **स्थानीय तहको स्वीकृतिको** व्यवस्था थप गर्नु पर्ने । |
| १६ | प्रधानाध्यापक<br>(३) (क) माध्यामिक विद्यालयको हकमा सम्बन्धित स्थानीय तहका माध्यामिक तह अध्यापन गर्ने स्थायी शिक्षकहरु मध्येबाट<br>(ख) आभारभूत तहको हकमा सम्बन्धित स्थानीय तहको आधारभुत तह अध्यापन गर्ने स्थायी शिक्षकहरु मध्येबाट | प्रधानाध्यापक<br>(३) (क) माध्यामिक विद्यालयको हकमा माध्यामिक तह अध्यापन गर्ने स्थायी शिक्षकहरु मध्येबाट<br>(ख) आभारभूत तहको हकमा आधारभुत तह अध्यापन गर्ने स्थायी शिक्षकहरु मध्येबाट । | सबै स्थानीय तहमा प्रधानाध्यापक हुन योग्य जनशक्ति नहुन पनि सक्ने हुनाले सक्षम र योग्य व्यक्ति छनोट गर्नलाई प्रधानाध्यापक सोही स्थानीय तहमा सिमित गर्नु भन्दा खुला राख्दा उपयुक्त हुन्छ । |

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazer, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

| | | | |
|---|---|---|---|
| २० | **२०. प्रारम्भिक बालविकास केन्द्र** (३)प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकताको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ । | **२०. प्रारम्भिक बालविकास केन्द्र** (३)प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत **सहयोगी शिक्षकको** पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ । | स्थानीय तहले बाल मानेविज्ञान र मन्टेश्वरी सम्बन्धी तालिम प्राप्त हुनु पर्ने शर्त राखी सहयोगी कार्यकताको सट्टा सहयोगी शिक्षकको रुपमा नामाकरण गर्नु पर्ने । बाल मनोविज्ञान तथा मन्टेश्वरी तालिम प्रत्येक स्थानीय तहले सञ्चालन गरी तालिम प्राप्तहरुलाई सहयोगी शिक्षकको रुपमा नियुक्त गर्न सक्ने भएकोले उक्त शर्त राख्न सकिने । |
| ५० | शिक्षकको योग्यता (ख) आधारभूत तहको साधारण शिक्षकको हकमा जुनसुकै विषयमा स्नातक तह तथा विषयगत शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातक तह र माध्यामिक तहको शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | शिक्षकको योग्यता (ख) आधारभूत तहको साधारण शिक्षकको हकमा माध्यामिक तह तथा विषयगत शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातक तह र माध्यामिक तहको शिक्षकको हकमा कक्षा ९ र १० को लागि स्नातक तह तथा कक्षा ११ र १२ को लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । | आधारभुत तहमा स्नातकको योग्यता र कक्षा ९ र १० मा स्नातकोत्तर राख्दा भविष्यमा शिक्षण जनशक्तिको अभाव हुन सक्छ । स्थानीय तहको शिक्षा हेर्ने कर्मचारीको योग्यता भन्दा माथिको योग्यता भएका शिक्षकहरु हुँदा त्यसले शिक्षकहरुलाई मनोवैज्ञानिक हिनताबोध उत्पन्न गराउन सक्ने भएकोले योग्यतालाई संशोधन गर्न जरुरी रहेको छ । |
| ५३ | तलब, भत्ता शिक्षकले विद्यालयमा हाजिर भएदेखि नेपाल सरकारले निर्धारण गरे बमोजिम तलब भत्ता पाउनेछ । | शिक्षकहरुले पाउने तलब भत्ता न्युनतम रुपमा निजामती कर्मचारी सरह पाउनु पर्ने व्यवस्था गर्नु पर्दछ भने शिक्षण पेशामा उच्च दक्षहरुलाई आकर्षित गर्न विशेष व्यवस्था लार्गु गर्नु पर्दछ । शिक्षकहरुलाई शिक्षण पेशामा गरेको उत्कृष्ट कार्यसम्पादनका आधारमा प्रोत्साहान भत्ताको समेत व्यवस्था गर्नु पर्दछ । | |

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazer, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

**(२) विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० पारित गर्दा निम्न विषयहरु समेत समावेश गर्नु पर्ने देखिन्छ :**

१. संविधानमा मौलिक हकको रुपमा रहेको मा.वि. तह सम्म निःशुल्क शिक्षाको कार्यान्वयनलाई यस विधेयकले स्पष्टसंग बोल्न सकेको छैन । त्यस्तै, संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राज्य व्यवस्थालाई साकार पार्न क्रमिक रुपमा विद्यालय शिक्षा राज्यको स्वामित्वमा आउने नीतिगत सुनिश्चितता यस विधेयकमा हुन जरुरी छ ।

२. कक्षा ११ र १२ मा.वि. तहमा समावेश भएको हुनाले कक्षा ११ र १२ अध्यापन हुने सार्वजनिक शिक्षण संस्थाहरु खोल्न नीतिगत व्यवस्था हुन जरुरी छ । अनेरास्ववियुले ७५३ वटै पालिकामा पूर्ण आवासीय माध्यामिक विद्यालयहरु स्थापनाका लागि पहल गर्ने भन्ने अभियान सञ्चालन गर्न लागेकोमा उक्त विषयलााई ऐनमा समावेश गरिनु पर्दछ ।

३. नेपालको संविधानले आधारभुत तह सम्म अनिवार्य तथा निःशुल्क शिक्षा पाउनु पर्ने भनि मौलिक हकको रुपमा व्यवस्था गरेको हुनाले उक्त हक कार्यान्वयनको लागि कक्षा ८ सम्म सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क पौष्टिक आहारयुक्त दिवा खाजा, ड्रेस, पुस्तक र स्टेश्नरी उपलब्ध गराउने व्यवस्था हुन जरुरी छ ।

४. SEE परीक्षा खारेजीको विकल्पमा आधारभूत तह उत्तीर्ण गर्दा स्थानीय तहले पालिका स्तरको र कक्षा १० को परीक्षा उत्तीर्ण गर्दा प्रदेश स्तरको परीक्षाको व्यवस्था गर्दा उपयुक्त हुन्छ ।

५. सरकारी सेवामा रहेका राष्ट्रसेवक कर्मचारी, प्राध्यापक, प्रहरी, नेपाली सेना र शिक्षकहरुले आफ्ना छोराछोरीहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा पढाउनु पर्ने बाध्याकारी व्यवस्था गर्न जरुरी छ ।

६. विद्यालय शिक्षामा पाठ्यक्रम निर्माण गर्दा नैतिक शिक्षा, स्थानीय प्राकृतिक स्रोत साधनको उपयोगको ज्ञान, मौलिक संस्कृति, इतिहास, भुगोलको ज्ञान र राष्ट्रीयताको भावना जगाउने विषयबस्तुहरुलाई अनिवार्य समावेश गर्ने प्रावधान राख्नु पर्दछ ।

७. शिक्षकहरुलाई योगदानमा आधारित निवृत्तिभरण प्रारम्भ हुने मिति र अन्य व्यवस्थाहरु निजामती कर्मचारीलाई भए सरह व्यवस्था गर्नु पर्दछ ।

८.नेपालको संविधान अनुसार विद्यालय शिक्षा स्थानीय तहको सरकारको अधिकारक्षेत्र भएकोमा प्रस्तावित विधेयकमा थुप्रै प्रावधानहरु संघीय तहको सरकारको मातहतमा रहेको र संघीय सरकारको मातहतमा प्रत्येक जिल्लामा जिल्ला शिक्षा कार्यालय खोल्ने प्रावधानले संविधानको मर्म अनुसार स्थानीय तहको सरकारको अधिकारक्षेत्र माथि हस्तक्षेप गर्ने गरी विधेयक पारित गर्नु हुदैन ।

९. प्रत्येक आर्थिक बर्षको बजेटमा शिक्षा क्षेत्रमा आवश्यक बजेट विनियोजन हुन नसकेकोमा शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत बजेट विनियोजनको सुनिश्चितता गरिनु पर्दछ ।

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरु एकजुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
ALL NEPAL NATIONAL FREE STUDENTS' UNION
केन्द्रीय कमिटी Central Committee
Bagbazer, Kathmandu, Nepal
(Estd. 2022)
Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.
च. नं.

१०. नेपाल शिक्षक महासंघ लगायत आन्दोलनरत शिक्षक संगठनहरुसंग सरकारले विधेयक संशोधन सम्बन्धि सम्झौता गरेकोमा शिक्षकहरुको सेवा, सुविधा, सम्मान र वरियता लगायतका जायज मागहरुको सम्बोधन गर्नु पर्दछ । तर विधेयक संशोधन गर्दा प्रतिस्पर्धात्मक प्रणाली र शिक्षण पेशामा योग्य दक्ष जनशक्तिलाई प्रवेश गराउने विषयलाई असर पर्ने गरी गर्नु हुदैन ।

११. शिक्षकको कार्य सम्पादन मूल्यांकन, सरुवा, बढुवा एवं कारबाहीको विषयमा निष्पक्षता एवं तटष्थता कायम गर्न सो को अधिकार स्थानीय तहमा मात्र सिमित नराखी विद्यालय व्यवस्थापन समिति, प्रदेश मन्त्रालय वा संघीय सरकारको संरचनासंग समेत आबद्ध गर्ने ।

१२. विधेयकको दफा १६० मा विद्यालय स्थापना र सञ्चालन गर्नका लागि राष्ट्रिय मापदण्ड निर्माण गर्ने भनिएकोमा उक्त राष्ट्रिय मापदण्ड निर्माण गर्दा,

(क) मापदण्ड निर्माण गर्न संरचनागत रुपमा आयोगको परिकल्पना गर्नु पर्दछ । कार्यपालिकालाई मात्र मापदण्ड निर्माण गर्न दिंदा त्यसले सरोकारवालाहरुको राय तथा सुझाव समावेश नहुने हुनाले आयोग बनाएर मात्र राष्ट्रिय मापदण्ड निर्माण गर्नु पर्दछ । विद्यार्थी संगठनहरुलाई सरोकारवाला कायम गरी उक्त आयोगमा प्रतिनिधित्वको अनिवार्य व्यवस्था गर्नु पर्दछ ।

(ख) राष्ट्रिय मापदण्ड निर्माणको विषयमा "विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने आधार र गुणस्तरको आधारमा विद्यालयको वर्गीकरण" समेत समावेश गर्न जरुरी छ । यसरी विद्यालयहरुले प्रदान गरिरहेको शैक्षिक गुणस्तरको मुल्याङकन गर्दा समग्रमा विद्यालयहरुको गुणस्तर मापन गर्न सजिलो हुन्छ र विद्यालयहरुको गुणस्तर सुधारको आधार तयार हुन्छ ।

१३. नेपालको संविधानको धारा ३१(४) को व्यवस्था एवं भावना अनुकुल हुने गरी दृष्टिबिहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपांगता भएका नागरिकको लागि विशेष शिक्षाको लागि शिक्षक एवं विशेष शैक्षिक सामाग्रीबाट अध्यापन गराउने कुरालाई ऐनमा सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

१४. प्रारम्भिक बाल विकास केन्द्रहरु अनिवार्य रुपमा स्थापना गर्नु पर्ने विषयमा विधेयक मौन छ । सम्पुर्ण सरकारी तथा सामुदायिक विद्यालयहरुमा अनिवार्य प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्नु पर्ने प्रावधान राखेर विधेयक पारित गर्नु पर्दछ ।

१५. हाल काठमाडौं महानगरपालिका लगायत शहरी क्षेत्रहरुमा विद्यार्थी संख्याको अनुपातमा सरकारी तथा सामुदायिक विद्यालय पर्याप्त नभएको तर ग्रामिण भेगहरुमा विद्यार्थी संख्याका अनुपातमा सरकारी तथा सामुदायिक विद्यालयहरुको संख्या बढी रहेको तथ्याङकले देखाउँछ । विद्यार्थी संखयाको अनुपातमा सरकारी तथा सामुदायिक विद्यालयहरु स्थापनालाई शहरी र ग्रामिण भेगमा सामन्जस्य कायम गर्न ऐनमा नीतिगत व्यवस्था गर्न जरुरी छ ।

१६.प्रस्तावित विद्यालय शिक्षा विधेयकको दफा ७९ (बहुविवाहा गर्न नहुने) ८० (योनजन्य दुर्व्यवहार गर्न नहुने) . फौजदारी संहिता, २०७४ को कानुनी व्यवस्था अनुसार अपराधको परिभाषा भित्र रहेका कार्यहरुलाई शिक्षकहरुका लागि दण्डनीय भनी पुनरावृत्ती गरिएकोमा उक्त विषयहरु पुनरावृत्ती नगर्दा उपयुक्त हुन्छ ।

"देशभरिका सम्पूर्ण प्रगतिशील, जनवादी तथा देशभक्त विद्यार्थीहरू एकजुट होऔं ।"

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

ALL NEPAL NATIONAL FREE STUDENTS' UNION

केन्द्रीय कमिटी Central Committee

Bagbazer, Kathmandu, Nepal

(Estd: 2022)

Gpo Box No: 24220
Tel: 01-4256052
Fax: +977-1-4256052
URL: www.annfsu.org.np

प. सं.

च. नं.

१७. शिक्षकहरुको वृत्ती, विकास र समायानुकुल शिक्षण सिकाई पद्दती परिमार्जन लगायत क्षमता अभिवृद्धिको तालिम प्रदान गर्नका लागि संघीय सरकारको र प्रदेश सरकारको समन्यवमा "शिक्षक एकेडेमी" स्थापनालाई नीतिगत व्यवस्था गर्नु जरुरी छ ।

अन्त्यमा, प्रस्तुत सुझावहरुको आधारमा नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धि हकको मुख्य मर्मलाई कार्यान्वयन गर्न, शिक्षा क्षेत्रलाई पुर्ण रुपमा राज्यको मातहतमा राख्न र विद्यायल शिक्षालाई समयसापेक्ष गुणस्तरीय बनाउन विशेष ध्यान दिई विधेयकमा आवश्यक संशोधन गरि पारित गरिनु पर्दछ ।

हार्दिक अभिवादन सहित !

समिक कुमार बडाल,

अध्यक्ष, अनेरास्ववियु

मितिः २०८० पौष २९ गते